प्रमुख राष्ट्रिय दैनिकहरुमा २०७३ सालको चैत महिनाभर छापिएका समाचार/लेखको स्थिति :

| पत्रिका | समाचार | सम्पादकीय | लेख | अर्न्तवार्ता | पाठकपत्र | जम्मा |
|---|---|---|---|---|---|---|
| नागरिक | २२ | १ | ४ | ० | ० | २७ |
| कान्तिपुर | ३८ | २ | ५ | १ | ३ | ४९ |
| गोरखापत्र | २९ | १ | ३ | ० | १ | ३४ |
| राजधानी | १६ | २ | ६ | ० | १ | २५ |
| नयाँ पत्रिका | २९ | ० | ८ | ० | २ | ३९ |
| अन्नपूर्ण पोष्ट | ४२ | ० | ० | ० | ० | ४२ |
| जम्मा | १७६ | ६ | २६ | १ | ७ | २१६ |

यसवाहेक राजधानीमा क्याप्सनसहितका ३ वटा र अन्नपूर्ण पोष्टमा क्याप्सनसहितको एउटा तस्विर प्रकाशित भएको छ ।




प्रमुख राष्ट्रिय दैनिकहरुमा फागुन महिनाभर काठमाडौं उपत्यका र उपत्यका वाहिरको डेटलाइनमा छापिएका समाचारको स्थिति :

| समाचारको डेटलाइन | नागरिक | कान्तिपुर | गोरखापत्र | राजधानी | नयाँ पत्रिका | अन्नपूर्ण पोष्ट | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं उपत्यका | ९ | १५ | १२ | ४ | १४ | १० | ६४ |
| उपत्यका वाहिर | १३ | २१ | १७ | १२ | १५ | ३१ | १०९ |
| देश वाहिर | | २ | | | | १ | ३ |
| जम्मा | २२ | ३८ | २९ | १६ | २९ | ४२ | १७६ |

नागरिक दैनिकमा छापिएका उपत्यका वाहिरका १३ वटा शिक्षा समाचार विराटनगर, खोटाङ, सर्लाही, सोलुखुम्बु, सुर्खेत, म्याग्दी, गोरखा, वाग्लुङ, सिन्धुपाल्चोक र धादिङ डेटलाइनका हुन् भने राजधानीले ९ जिल्लाका १२ समाचारलाई स्थान दिएको छ । राजधानीमा काठमाडौं उपत्यका डेटलाइनमा छापिएका ४ समाचारमध्ये ३ वटा समाचार राससबाट लिइएका हुन् ।

कान्तिपुरमा उपत्यका वाहिरका २१ वटा समाचार छापिएकामा ती समाचारमा १३ जिल्ला समेटिएका छन् । कान्तिपुरमा उपत्यका वाहिरका कुनैपनि जिल्लाका २ भन्दा बढी समाचार छापिएका छैनन् भने नयाँ दिल्ली र लण्डन डेटलाइनमा १/१ समाचार छापिएका छन् ।

गोरखापत्रमा १५ जिल्लाका शैक्षिक समाचारलाई स्थान दिइएको छ । नयाँ पत्रिकामा १२ जिल्लाका शैक्षिक समाचारले स्थान पाउँदा उपत्यका वाहिरका सबैभन्दा धेरै समाचार प्रकाशन गरेको अन्नपूर्ण पोष्टले १७ जिल्लाका समाचारलाई स्थान दिएको छ । अन्नपूर्ण पोष्टमा जाजरकोट डेटलाइनबाट सबैभन्दा धेरै ५ तथा डोटी र सुर्खेत डेटलाइनबाट ३/३ वटा समाचार प्रकाशित भएका छन् भने नयाँ दिल्ली डेटलाइनको एउटा समाचारले पनि स्थान पाएको छ ।




## समाचारमा तस्विर

कान्तिपुरमा उपत्यका वाहिरका ९ वटा तथा उपत्यकाका २ वटा समाचारमा तस्विर प्रकाशित भएको छ। उपत्यकाभित्रका ४ वटा समाचारमा भने स्केचको प्रयोग गरिएको छ।

नागरिकमा ८ वटा समाचारमा तस्विर समावेश गरिएकामा ७ वटा तस्विर उपत्यका वाहिरका समाचारसँग सम्बन्धित हुन्।

राजधानीमा तस्विरसहितका ४ समाचार प्रकाशित भएका छन् भने बाराको गढीमाईस्थित नेपाल राष्ट्रिय प्राविमा विद्यार्थी बोरामा बसेर पद्दै गरेको २ वटा तस्विरलाई पहिलो पेजमा स्थान दिइएको छ । दुवै हात नभएकी खोटाङकी सम्भना राई र हेटौंडामा सीमान्त वनकरिया समुदायकी छात्राले एसईई परीक्षा दिंदै गरेको २ तस्विर क्याप्सनसहित प्रकाशित भएका छन्।

गोरखापत्रमा शिक्षासँग सम्बन्धित एउटा तस्विरले पनि स्थान पाउन नसकेको देखियो।

नयाँ पत्रिकामा एक महिनामा शिक्षासँग सम्बन्धित ८ वटा तस्विर प्रकाशित भएका छन् र ती मध्ये ५ वटा तस्विर उपत्यका वाहिरका समाचारसँग सम्बन्धित हुन् ।

अन्नपूर्ण पोष्टमा प्रकाशित भएका शिक्षा सम्बन्धी समाचारमध्ये २२ वटा समाचारमा तस्विरलाई स्थान दिइएको र २२ मध्ये १९ वटा तस्विर उपत्यका वाहिरका समाचारसँग सम्बन्धित हुन् । यसवाहेक अन्नपूर्ण पोष्टले एसईई परीक्षा दिंदै गरेको एउटा क्याप्सन तस्विर पनि प्रकाशित गरेको छ । ५ वटा पत्रिकामा शिक्षा सम्बन्धि ५७ वटा तस्विर छापिएकामा तस्विरको स्थिति तलको चार्टमा प्रस्तुत गरिएको छ ।




## समाचारको प्राथमिकता

समाचार छापिएको पृष्ठ र समाचारलाई दिइएको स्थान (कोलम)का आधारमा समाचार कति महत्वको हो भन्ने मापन गरिन्छ ।

नागरिकले ४, गोरखापत्रले १, नयाँ पत्रिकले ४ र कान्तिपुरले ६ वटा शिक्षा समाचार पहिलो पेजमा छापेका छन् । पहिलो पेजमा छापिएका समाचारका शिर्षक निम्नअनुसार रहेको छ ।

| पत्रिका | शिर्षक |
|---|---|
| नागरिक | अभिभावकलाई पुस्तक सास्ती, स्कुल हाँक्ने अब्बल महिला, टहरोमा बास, टहरोमै जाँच र कहाँ हराए ८ लाख विद्यार्थी । |
| गोरखापत्र | विहिबारबाट माध्यमिक शिक्षा परीक्षा । |
| नयाँ पत्रिका | राम्रा विद्यालयबाट सिक्न खोटाङका २४ हेडमास्टर काठमाडौंमा, १० डिएसपीसहित ४८० प्रहरीको घेरामा आरआरमा चुनाव, लाखौं खर्च भयो तर स्ववियु निर्वाचन भएन र यसवर्ष पनि पाठ्यपुस्तक अभाव हुने । |
| कान्तिपुर | प्ले ग्रुपको भर्ना शुल्क १ लाख ३५ हजार, विद्यालयको शुल्क सीमा अधिकतम ३६ सय मात्रै, कक्षा १ मै प्रवेश परीक्षा, खचाखच विद्यार्थी उत्कृष्ट नतिजा, चुँडियो तुइन विद्यार्थी अलपत्र र एसईई पर्सिदेखि |

कोलमले महत्व दर्शाउने गरेपनि पत्रिकाहरुले महत्वका आधारमा भन्दा पेजको सेटिङ मिलाउनका लागि कोलमको प्रयोग गर्ने गरेको पाइयो । कान्तिपुरले विद्यार्थी घोषणा अभियान, शैक्षिक सत्रअघि नै पुस्तक वितरण, खोला तर्नुपर्छ कसरी पढ्न जानु ? शिर्षकको समाचारलाई ६ कोलममा छापेको छ भने शैक्षिक व्यवस्था र ए लेभल शिर्षकको समाचारलाई सात कोलमको स्थान दिएको छ । तर १६ हजार स्थायी शिक्षक माग शिर्षकको समाचारलाई भने २ कोलममा सीमित गरिएको छ ।

अन्नपूर्ण पोष्टले किरियापुत्रीले एसईई परीक्षा दिएको समाचारलाई ७ कोलममा छापेको छ भने निजी विद्यालयमा शुल्कको सीमा नतोकिएको समाचारलाई ३ कोलम स्थान दिएको छ ।

नागरिकले विराटनगर डेटलाइनको सुधारिंदै सरकारी स्कुल, विद्यार्थी चाप थेगिनसक्नु शिर्षकमा तस्विरसहितको समाचारलाई २ कोलममा छापेको छ तर उस्तै प्रकृतिको वाग्लुङ डेटलाइनको गाउँको स्कुल, सहरियाको आकर्षण शिर्षकको समाचारलाई अन्नपूर्ण पोष्टले ७ कोलमको स्थान दिएको छ ।

कोलमका आधारमा पत्रिकाहरुमा छापिएका समाचारको स्थिति :

| पत्रिका | १ कोलम | २ कोलम | ३ कोलम | ४ कोलम | ५ कोलम | ६ कोलम | ७ कोलम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नागरिक | २ | ८ | ४ | ४ | ४ | ० | ० | २२ |
| कान्तिपुर | २ | ९ | ६ | १० | ७ | ३ | १ | ३८ |
| गोरखापत्र | १ | ९ | १३ | ४ | २ | ० | ० | २९ |
| राजधानी | ० | २ | ७ | ५ | २ | ० | ० | १६ |
| नयाँ पत्रिका | २ | ६ | १३ | ८ | ० | ० | ० | २९ |
| अन्नपूर्ण पोष्ट | १ | ६ | १२ | १३ | ५ | १ | ४ | ४२ |
| जम्मा | ८ | ४० | ५५ | ४४ | २० | ४ | ५ | १७६ |



## समाचारको विषयवस्तु

सरकारी विद्यालयमा गुणस्तरमा सुधार आएको र विद्यार्थीको चाप बढेको समाचारलाई कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टले महत्व दिएर प्रकाशित गरेका छन् । कान्तिपुरले उपत्यकाका, नागरिकले विराटनगर र अन्नपूर्ण पोष्टले वाग्लुङको सामुदायिक विद्यालयको उदाहरणसहित  समाचार छापेका छन् भने राजधानीले सामुदायिक विद्यालयका विद्यार्थी बेञ्चको अभावमा बोरा ओछ्याएर पढ्न वाध्य भएको समाचारलाई महत्व दिएको छ ।

सामुदायिक विद्यालयमा कतै  विद्यार्थी नभएको त कतै एउटै शिक्षकले १ सय ९८ जना विद्यार्थी पढाउनुपर्ने वाध्यता रहेको समाचारले पनि पत्रिकाहरुमा स्थान पाएका छन् । विद्यार्थीले छात्रवृत्तिका कारण पढाइमा निरन्तरता दिएको, विद्यालय पुनर्निर्माण नहुँदा विद्यार्थीलाई पानी परेपछि छुट्टी दिने गरिएको, विद्यार्थीलाई विद्यालयमा ल्याउन साइकल र हाते घडी दिइएको, गरिब बालबालिका विद्यालय वाहिर रहेको, निजी विद्यालयले जथाभावीरुपमा शुल्क उठाएको तर नियमक निकायले कारवाही नगरेको, एसईई परीक्षा र परीक्षामा दुवै हात नभएका र सीमान्तकृत समुदायका विद्यार्थी सहभागी भएको लगायतका विषयलाई समाचारको विषयवस्तु बनाइएको छ । पत्रिकाहरुमा बालविवाहका कारण विद्यालय छोड्ने क्रम बढेको, स्थानीय तहको निर्वाचनका लागि शिक्षकहरुले राजीनामा दिएको,  शिक्षकमाथि भ्रष्ट्राचारको अभियोग लागेको, पाठ्यपुस्तकको अभावमा कक्षा सञ्चालन हुन नसकेको तथा शिक्षा नियमावली जारी हुन नसकेको समाचारले स्थान पाएका छन् ।

## हेडलाइन नै गल्ती

राजधानीमा छापिएको ४ कोलमको समाचारको शिर्षक छ, बालविवाहकै कारण विद्यालय छाड्नेको संख्या बढे । कि बढ्यो हुनुपर्थ्यो कि विद्यालय छाड्ने बढे हुनुपर्थ्यो । यस्तै नयाँ पत्रिकाले शिक्षामन्त्री धनीराम पौडेललाई उद्मृत गरेर लेखेको समाचारको शिर्षक पनि त्रुटीपूर्ण छ । शिक्षा ऐन छिटै पारित हुन्छ : शिक्षामन्त्री शिर्षकको समाचारमा ऐनको सट्टा नियमावली हुनुपर्थ्यो ।

## गोली प्रहार

मकवानपुरमा निमावि तहमा पढाउने शिक्षक रामएकवाल यादवमाथि रौतहटमा गोली प्रहार भएको घटनालाई राजधानी र कान्तिपुरले तीन कोलम स्थान दिएर छापेका छन् । रौतहटको वृन्दावन गाउँपालिकाका यादवमाथि अज्ञात समूहले गोली प्रहार गरेको घटनालाई अन्य पत्रिकाले भने स्थान दिएको पाइएन ।

## उच्च शिक्षा शुन्य !

६ वटा पत्रिकामा १ सय ७६ वटा समाचार प्रकाशित भएकामा उच्च शिक्षा सम्बन्धि समाचारले खासै स्थान पाएको देखिएन । नयाँ पत्रिका र अन्नपूर्ण पोष्टमा ४/४, नागरिकमा २ तथा कान्तिपुर र गोरखापत्रमा १/१ वटा समाचारले स्थान पाएका छन् । उच्च शिक्षासँग सम्बन्धित ११ समाचार पनि खोजमूलक हुनुको साटो क्याम्पस प्रमुखको कार्यकक्षमा तोडफोड, स्ववियु सभापतिको अपहरण प्रयास, अक्सफोर्डमा विद्यावारिधी गर्दै नेपाली चेली लगायतका शिर्षकमा छापिएका छन् ।

## सम्पादकीयका विषय

एक महिनाको अवधिमा ६ मध्ये ४ पत्रिकामा मात्र शिक्षा सम्बन्धि विषयमा सम्पादकीय छापिएको छ । नयाँ पत्रिका र अन्नपूर्ण पोष्टमा शिक्षाको विषयमा एउटै सम्पादकीय नछापिएकामा कान्तिपुर र राजधानीले २/२ वटा तथा गोरखापत्र र नागरिकले १/१ वटा सम्पादकीय लेखेका छन् । कान्तिपुरले निजी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्कको सीमा तोकिएको र १ कक्षामा भर्ना हुने विद्यार्थीको प्रवेश परीक्षा लिएको विषयलाई सम्पादकीयको विषय बनाएको छ भने राजधानीले बाराको गढीमाईस्थित नेपाल राष्ट्रिय प्राविमा विद्यार्थी बोरामा बसेर पढ्दै गरेका दईवटा तस्विर पहिलो पेजमा छापी यहि विषयमा नहेरिएका सामुदायिक विद्यालय तथा एसईईको सान्दर्भिकता शिर्षकमा सम्पादकीय लेखेको छ । नागरिकले कहाँ हराए ८ लाख विद्यार्थी शिर्षकमा पहिलो पृष्ठमा स्केचसहित ४ कोलमको समाचार प्रकाशित गरी यही विषयमा विद्यार्थी जोगाउने चुनौती शिर्षकमा सम्पादकीय लेखेको छ । गोरखापत्रले भने एसईई परीक्षा संचालन भइरहेको अवसर पारी परीक्षा प्रणालीमा सुधार शिर्षकको सम्पादकीय प्रकाशित गरेको छ ।

**सम्पादकीयका शिर्षक**

| पत्रिका | शिर्षक |
|---|---|
| नागरिक | विद्यार्थी जोगाउने चुनौती |
| गोरखापत्र | परीक्षा प्रणालीमा सुधार जरुरी |
| राजधानी | नहेरिएका सामुदायिक विद्यालय, एसईईको सान्दर्भिकता |
| कान्तिपुर | स्कुलमा शुल्क सीमा, कक्षा १ मा प्रवेश परीक्षा अनुचित |